# News Release

**American Center, Embassy of the United States**
Yak & Yeti Complex (West Wing), Kathmandu. Tel: 444-5577
२०६३ चैत २३ गते

**अमेरिकाद्वारा नेपालको शान्ति प्रक्रियामा थप बीस लाख डलरको सहयोग**

यूएसएड (USAID) ले नेपालको शान्ति प्रक्रियाको सहयोगका लागि थप बीस लाख अमेरिकी डलर प्रदान गर्ने भएको छ । यूएसएडका दुई उच्च अधिकारीहरु – माइकल हेस (यूएसएडको लोकतन्त्र, द्वन्द्व, तथा मानवीय सहयोगसम्बन्धी व्यूरोका सहायक प्रशासक) र रबर्ट जेन्किन्स् (यूएसएडको अफिस अफ ट्रान्जिसन इनिसिएटिभ्सका निमित्त निर्देशक) – को छ-दिने नेपाल भ्रमणको अन्तमा यो प्रतिबद्धता आएको हो । वहाँहरुले यूएसएडको सहयोगमा सञ्चालित परियोजनाहरुको भ्रमण गर्नुभयो तथा यहाँस्थित अमेरिकी नियोगका अधिकारीहरु, दातृसमुदाय तथा अन्यसँग भेटघाट गर्नुभयो ।

अमेरिकी राजदूत जेम्स एफ. मोरियार्टीले थपिएको सहयोगको स्वागत गर्नुभएको छ । "यो नयाँ सहयोगले यहाँको ऐतिहासिक परिवर्तनका क्रममा शान्ति प्रक्रियालाई सहयोग गर्ने अमेरिकी सरकार तथा जनताको प्रतिबद्धता दर्शाउँछ," वहाँले बताउनुभयो, "नेपाललाई सहयोग गर्ने हाम्रो प्रयासमा यूएसएडको भूमिका महत्वपूर्ण रहेको छ ।" यूएसएड/नेपाल यहाँस्थित अमेरिकी नियोगको मानवीय तथा विकास सहयोगसम्बन्धी निकाय हो ।

यो नयाँ स्रोतले नेपालको शान्ति प्रक्रियालाई सघाउन तथा तराईमा बढेको तनावलाई सम्बोधन गर्नका लागि छलफल, तालिमजस्ता थप कार्यक्रमहरु सञ्चालन गर्न सहयोग गर्नेछ ।

यो नयाँ सहयोग, यूएसएडको अफिस अफ ट्रान्जिसन इनिसिएटिभ्स (ओटिआइ) द्वारा नेपालका लागि पहिले नै निर्धारित साढे बैसट्ठी लाख अमेरिकी डलरका अतिरिक्त थप सहयोग हो । ओटिआइको दुईवर्षे सहयोग कार्यक्रमअन्तर्गत यो रकम प्रदान गरिएको हो । यो अवधिमा ओटिआइले यहाँको शान्ति प्रक्रियाका लागि एक करोड पचास लाख अमेरिकी डलरसम्मको सहयोग गर्नेछ । सन् २००७ मा यूएसएडको नेपालका लागि अनुमानित बजेट चार करोड अमेरिकी डलर रहेकोछ ।

USAID | नेपाल
अमेरिकी जनताबाट

अमेरिकी सरकारले अन्य देशका जनताहरुको जीवनस्तर सुधार्नका लागि अमेरिकी जनताबाट प्राप्त हुने सहयोगलाई यु.एस.ए.आइ.डि.का माध्यमबाट उपलब्ध गराउने गरेको छ । यस्ता सहयोगहरु प्राकृतिक प्रकोप पीडितलाई उद्धार गर्नेदेखि लिएर स्वतन्त्र र लोकतान्त्रिक राष्ट्र निर्माणसम्मका कार्यहरुमा प्रदान गरिन्छन् । यु.एस.ए.आइ.डि./नेपालले विगत ५६ वर्षदेखि नेपाली जनतालाई द्वन्द्व न्यूनीकरण, शान्ति स्थापना, लोकतन्त्र, सुशासन, स्थास्थ्य, परिवार नियोजन, आर्थिक बृद्धि, प्रकोप व्यवस्थापन तथा अन्य मानवीय मामिलाका क्षेत्रमा सहयोग पुऱ्याउँदै आएकोछ ।

####